# बेलौरी नगरपालिका

## नगर सभा

## १७ औं अधिवेशन

प्रस्तुत

आ.व. २०८३/८४

# नीति तथा कार्यक्रम

## बेलौरी नगरपालिका

बेलौरी, कञ्चनपुर

मितिः- २०८३/०३/१०

सम्बत २०८३ सालको नीति नं. ०१

आर्थिक वर्ष २०८३/८४ को नीति कार्यक्रम तथा बजेट

मिति:- २०८३/०३/१०

बेलौरी नगरपालिकाका नगर सभाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कर्मचारीहरू लगायत उपस्थित सम्पूर्ण महानुभावहरू सर्वप्रथम बेलौरी नगरपालिकाको नगर सभाको १७ औं अधिवेशनमा यहाँहरूलाई हार्दिक स्वागत गर्दछु।

**नगर सभाका सदस्यहरू**

**उपस्थित सम्पूर्ण भद्र महिला तथा सज्जनवृन्द !!!**

बेलौरी नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम, यस गरिमामय नगर सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

इतिहासको कालखण्डमा देशको शासन व्यवस्था परिवर्तन एवं शान्ति स्थापनाको लागि आफ्नो ज्यान बलिदान गर्ने ज्ञात-अज्ञात शहिदहरू प्रति श्रद्धासुमन व्यक्त गर्दै हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु। नेपालको भौगोलिक अखण्डता, राष्ट्रिय एकता स्वतन्त्रता र स्वाभिमानलाई अक्षुण्ण राख्दै देशको समानता तथा समुचित विकासका लागि विभिन्न धर्म, लिङ्ग, पेशा, जातजातिको जनसहभागिता एवं समान अवसर सहित मुलुकमा स्थापना भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था पश्चात सम्पन्न दोस्रो स्थानीय तहको निर्वाचनमा निर्वाचित भई यस सम्मानित सभा समक्ष नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरबान्वित भएको छु । नगरबासीको अगाध आस्था, माया र प्रेरणाबाट प्रेरित भई मैले बेलौरी नगरपालिकालाई सांस्कृतिक जीवन्त नगरपालिकाका रूपमा अगाडी बढाई नेपाल भरि नै यस नगरपालिकाको गौरवलाई उच्च राख्न केही महत्वपूर्ण नीति तथा कार्यक्रम नगरसभा समक्ष प्रस्तुत गर्न पाउँदा हर्षित भएको छु ।

बेलौरी नगरपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्दा लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवाद तर्फको यात्रा र विकासको क्रममा आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा पछाडि परेका समुदायहरू समेतलाई मध्यनजर गर्दै नगरबासीको सर्वोपरी हितलाई केन्द्रमा राखी समानता र समतामूलक ढङ्गले तयार गरेको छु ।

सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले बेलौरी नगरपालिकामा हुने कार्यहरूमा पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ । नगरपालिकाका भौतिक तथा सामाजिक उत्थानका योजनाहरू बनाउँदा वातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ । नगरपालिकाको विकास निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार संघ संस्थाहरूको सहकार्य आवश्यक हुने हुनाले सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगानीको सम्भावना बढाउने कार्यहरूलाई प्राथमिकता दिएको छु ।

**नगर सभाका सदस्यहरू,**

कञ्चनपुर जिल्लामा अवस्थित बेलौरी नगरपालिका ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक दृष्ट्रिकोणले महत्वपूर्ण भएकोले विशेष पर्यटकीय केन्द्रको रूपमा विकास हुने सम्भावना छ । पवित्र ऐतिहासिक, धार्मिक एवं प्राकृतिक सौन्दर्यले भरिपूर्ण सिद्धबाबा मन्दिर, कालिका मन्दिर, कालेश्वर (नक्टाबाबा) यसैगरी शोभाताल, बन्दाताल, पुरैनीताल, सिक्रीकुण्ड लगायतका पर्यटकिय क्षेत्र तथा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज लगायत सामुदायिक वनमा जडीबुटी, वन पैदावर, कृषि, पशुपालन, नगदेबाली लगायत थुप्रै सम्भावनाका क्षेत्रहरू छन् । यी क्षेत्रहरूको प्रभावकारी प्रयोग र दिगो विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास मार्फत विकासका क्षेत्रमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनैतीक दलहरूबाट भएको सहयोग, विकास साझेदारहरूको प्रयास, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूको सहयोग, समन्वय र सहकार्य, निजी क्षेत्रको प्रवेश, पत्रकार तथा नागरिक समाज लगायत नगरबासीको विकास प्रति रहेको चासो बेलौरी नगरपालिकाको समग्र विकासको लागि अवसरका रूपमा लिएको छु ।

**नगर सभाका सदस्यहरू,**

बेलौरी नगरपालिका नगर सभाको १७ औं अधिवेशनबाट बिभिन्न ५ ओटा विषयगत क्षेत्र पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास, वन वातावरण तथा विपद ब्यवस्थापन, सुशासन तथा संस्थागत विकासमा नीतिहरू पारित गरेका थियौं उक्त नीतिहरू कुनै बार्षिक रूपले पूरा गरिने र कूनै नीति आवधिक हिसाबले कार्यान्वयन गरिरहेको अवस्थामा हामी छौं, नीतिहरू हाम्रा मार्गदर्शन हुन र यस नगरसभाको १७ औं अधिवेशनले पनि केही नीतिहरूमा गतवर्षकै निरन्तरता र केही नयाँ किसिमका नीति तथा कार्यक्रम समेत ल्याउने प्रयास गरेको छु । सबै नीतिलाई कार्यक्रम र बजेट संग मेल खाने किसिमले लैजानका लागि समेत म सभाका सदस्यहरूलाई आग्रह गर्न चाहन्छु ।

हामीले सहभागीतामुलक विकास योजना तर्जुमा प्रकृया अवलम्वन गरी बस्ती तथा टोल र वडास्तर हुदै आएका योजनाहरूलाई केन्द्रीय सरकारको मार्ग दर्शन समेतलाई ध्यानमा राखी आ.ब. २०८३।८४ को नीति, कार्यक्रम र विकास योजना तर्जुमा गरिएको प्रस्तुत नीति तथा कार्यक्रमले यस नगरपालिकाको विकास, उन्नति र प्रगतिकालागि आधार तयार गर्ने छ भन्ने कुरामा म विश्वस्त रहेको छु ।

सभाका सदस्यहरु,

**चालु आ.ब.२०८२।८३ को नीति, कार्यक्रम तथा बजेटको संक्षिप्त समिक्षा:-**

मिति २०८२ आषाढ ८ गतेका दिन आयोजित बेलौरी नगरपालिका नगरसभाको पन्ध्रौ अधिवेशनले चालु आ.ब.२०८२।०८३ को अनूमानित आय ब्यय बिवरण,योजना तथा कार्यक्रमहरु सहित विकासका नीतिहरु पारित गरेको थियो, तत्पश्चात पुष ९ गते १६ औं समिक्षात्मक अधिवेशन

आयोजना भएको थियो । १५ औं अधिवेशन पछिको एक बर्षको समयमा यस नगरपालिकाले के कति उपलब्धी हासिल गर्नसक्यो समिक्षाको चरणमा हामी रहेका छौ यस गाउँपालिकामा रहेका १० वटा वडाहरुका करिब ५४ हजार नागरिकलाई विकास र सुशासन दिनु र विकासमा नागरिकको सहभागिता बृद्धि गर्नु हाम्रो जिम्मेवारी हो ।

गत बिगत आ.ब.हरुमा करिब ९० प्रतिशत भन्दा बढी खर्च पनि भएको थियो। उक्त खर्च विनियोजन रकमले पक्कै पनि नगरबासीको सुबिधाको लागि यातायात, शिक्षा, खानेपानी, कृषि, सिंचाई लगायतका भौतिक पूर्बाधार एवं सामाजिक विकासका क्षेत्र महिला, दलित, जेष्ठ नागरिक, अपाङ्ग, बालबालिका लगायत सबै नगरबासीको लागि सेवा सुबिधामा बृद्धि भएको छ भन्ने हामीले ठानेका छौं । यो बिषयमा नगरपालिका कति सफल भएको छ नगरबासीले मूल्यांकन गर्ने छन । क्षेत्रगत आधारमा गरिएको आ.ब.२०८२।०८३ को समिक्षालाई संक्षिप्तमा यसरी प्रस्तुत गर्न चाहन्छु ।

**क) आर्थिक विकास**

**पशु सेवा :**

- ७२१ पशु )गाई ५२८ भैसीं २५४ बाख्रा ५) कृतिम गर्भधान गरिएको,
- १० वटै वडाहरुमा पशु स्वास्थ्य उपचारका लागि घुम्ति प्रयोगशाला सेवा प्रदान गरिएको जसमा ११७ पशुको गोबर परिक्षण २३ दुध परिक्षण गरिएको,
- विभिन्न रोगहरुका विरुद्धमा ३१ हजार १ सय १२ पशुहरुलाई खोप लगाइ करिव २१ हजार ४ सय ८१ कृषकहरु लाभाम्वित भएको,
- सामुहिक रुपमा पशुपालनका लागि ६ वटा नयाँ फर्महरु दर्ता गरिएको,
- एक दिने परजीवी नियन्त्रण शिविर ६ वटा वडाहरुमा संचालन गरिएको ।

**कृषि विकास :**

- ४० हजार केराका विरुवा कृषकहरुलाई वितरण गरी २५ हेक्टर केरा क्षेत्र विस्तार गरिएको,
- स्वास्थ्यका दृष्टिकोणले पोषिलो र औषधिय गुण भएको १० हजार सितलचीनी (मोरिङ्गा) का विरुवा वितरण गरिएको,
- साना किसानहरुलाई मध्यनजर गरी ३० क्विन्टल च्याउको विउँ वितरण गरिएको,
- १२ सय किसानलाई विभिन्न बालीमा दक्ष बनाउने उद्धेश्यले तालिम संचालन गरिएको,
- मकै पकेट विकास कार्यक्रम संचालन गरी ४० विघामा थप क्षेत्र विस्तार भएको छ,
- १७६ जना कृषकहरुलाई (पावर टिलर, मिनि टिलर, रोटाभेटर, कल्टिभेटर, हैरो, मोटर, आदी) जस्ता कृषि औजारहरु वितरणका लागि प्रकृयामा रहेको।

**रोजगार सीप तथा उद्यमशिलता केन्द्र :**

- वैदेशिक रोजगारबाट फर्केका ५० व्यक्तिहरुलाई पुन: एकिकरण गरी पालिका स्तरिय आप्रवासी श्रमिक संजाल गठन गरिएको,
- वैदेशिक रोजगारबाट फर्केका १६ जनालाई उद्यमशिलता सम्बन्धी परामर्श सेवा तालिम संचालन गरिएको,
- समुदाय स्तरमा वैदेशिक रोजगार सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिएको,
- यस पालिकामा रहेका संघ-संस्थाहरुसंगको साझेदारीमा विपन्न लक्षित बर्गहरुलाई सीपमुलक उद्यमशिल तालिम संचालन गरिएको,
- आप्रवासन सेवालाई प्रभावकारी वनाउन मनोसमाजिक परामर्शकर्ता भर्ना गरिएको।

**उद्यम विकास :**

- २२ जना महिलाहरुलाई व्यसायसंग जोड्न डल उत्पादन तालिम संचालन गरिएको,
- १४ जना वेरोजगार युवाहरुलाई हाउस वायरिङ्ग तालिम र १२ जना युवाहरुलाई पावर टिलर तालिम दिईएको,
- १४ जना वेरोगार महिलाहरुलाई वीट नेपाल संस्थासंगको सहकार्यमा होम स्टे सम्बन्धी सीप विकास तालिम संचालन गरिएको,
- १८ जना महिला उद्यमीहरुलाई व्यवसायको अनुगमन पश्चात पुनर्ताजकी तालिम दिई प्रविधि हस्तान्तरण गरिएको।

**शिक्षा, युवा तथा खेलकुद :**

- कक्षा ८ को बार्षिक परिक्षालाई नगरस्तरिय केन्द्रगत रुपमा संचालन गरिएको,
- विद्यार्थीहरुमा सकारात्मक प्रतिस्पर्धात्मक भावनाको विकासका लागि विभिन्न कार्यक्रम संचालन गरिएको,
- शिक्षकहरुलाई सम्बन्धित विद्यालयहरुमा गई पेशागत सहयोग प्रदान गरिएको,
- विद्यालयमा दिवा खाजा कार्यक्रम प्रवर्द्धन गर्न भान्सा घर तथा भाडाकुडा खरिद गरिएको,
- कक्षा १० र ८ को नतिजाका आधारमा उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थीहरुलाई पुरस्कार सहित सम्मान गरिएको।

**स्वास्थ्य सेवा :**

- नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा सम्पन्न गरिएको,
- १०० प्रतिशत संस्थागत सुत्केरी गराउन सफल भएको,
- क्षयरोगमुक्त पालिका घोषणा अभियान अन्तरगत समुदायमा विभिन्न कार्यक्रम संचालन गरिएको,

- ५ बर्ष मुनिका बालबालिकाहरुको पोषण लेखाजोखा गरी ५० जना कुपोषित बच्चाहरुको निशुल्क उपचार गरिएको,
- सुनौलो हजार दिनका आमाहरुलाई पोषण सम्बन्धी अभिमुखिकरण तथा आमाहरुको पोषण लेखाजोखा कार्यक्रम सम्पन्न गरिएको,
- आमा सुरक्षा कार्यक्रम तथा प्रयोगशाला संचालनका लागि आवश्यक उपकरणहरु खरिद गरि स्वास्थ्य संस्थाहरुलाई हस्तान्तरण गरिएको,
- गर्भवती महिलाहरुको ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमका लागि मासिक रुपमा स्वास्थ्य परिक्षण गरिएको।

**भुमी व्यवस्थापनः**

- नगरपालिकाका ४ वटा वडा(वडा नं ४,५,८ र १०)मा दर्ता श्रेस्ता र कित्तागत विवरण तयार गर्ने कार्य सम्पन्न भएको,
- भु-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी कुनै कित्ता दुई वा सो भन्दा बढी भु उपयोग क्षेत्रमा पर्ने कित्ताको विवरण कैफियत महलमा क्षेत्रफल खुलाई भुमि प्रशासन कार्यालयलाई १३२ वटा सिफारिस गरिएको,
- २६ वटा बाटो नक्साङ्कन, ३९ कित्ता नक्साङ्कन गरिएको।

**वन वातावरण तथा विपद् व्यवस्थापनः**

- नगरबासीहरुको सुविधाका लागि दमकल, शवबाहन र शव चिस्यान खरिद गरि संचालनमा ल्याईएको,
- नगरपालिका भित्रमा आईपर्ने विपद् बाट हुने क्षति कम गर्न तथा जोखिम कम गर्नका लागि २९ जना युवाहरुलाई २१ दिने विपद् स्वयंसेवक तालिम संचालन गरिएको,
- जनप्रतिनिधि र कर्मचारीहरुको १ दिनको पारिश्रमिकको रकम १ लाख ७७ हजार ५ सय ५१ रुपैया विपद कोष खातामा जम्मा गरिएको,
- MCR 2030 मार्फत SIRA परियोजना संचालन गरिएको,
- सामुदायिक विद्यालयहरुमा कृत्रिम घटना अभ्यास संचालन गरिएको,
- विपद सम्बन्धी पाचौं कञ्चनपूर सम्मेलन सम्पन्न गरिएको।

**महिला बालबालिका तथा जेष्ठ नागरिकः**

- नगरपालिकाको १० वटै वडाहरुमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम संचालन गरिएको,
- अति विपन्न  एकल तथा पछाडि पारिएका महिलाहरुका लागी आधारभूत सचेतना सम्बन्धी तालिम संचालन गरिएको,

- किशोरीहरुको महिनावारी स्वच्छता यौन तथा प्रजनन् स्वास्थ्य र मनोसामाजिक परामर्श सेवा सम्बन्धी (आमा छोरी )तालिम संचालन गरिएको,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको बारेमा जानकारी तथा सकारात्मक सोच सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको,
- नगपालिका भरिमा ५७ जनालाई क बर्ग ५ जनालाई ख बर्ग र३९ जनालाई ग बर्गको अपाङ्ग गरिचयपत्र वितरण गरिएको,
- लैङ्गिक उत्तरदायी बजेट कोडिङ् गरिनुका साथै लैससास परिक्षण गरिएको।

**खानेपानी, वातावरण तथा सरसफाई एवं फोहरमैला व्यवस्थापन शाखा:**

- बेलौरी बजार क्षेत्रको ३५ स्थानमा स्टयाण्ड सहित विद्युतपोलमा डस्टविन जडान गरिएको,
- नगरपालिकाको कार्यालय परिषरमा बर्षादको समयमा पानी जम्न नदिन २ ठाउँमा सोक्ता जडान गरिएको,
- फोहरमैला व्यवस्थापनका लागि सम्पूर्ण वडाहरुबाट ३०/३५ घरहरुबाट फोहर संकलन गरी कुहिने/नकुहिने, मात्रा र प्रकार सम्बन्धी सर्वेक्षण गरिएको,

**पूर्वाधार विकास :**

- नगरपालिकाको हाता भित्रमा जम्मा ९ किलोमिटर सडक कालोपत्रे गरिएको, वडा नं ५ मा ६ मिटरको डबल स्पान पूल निर्माण गरिएको,
- सम्पूर्ण वार्डहरुमा करीब ५ किलोमिटर जती सडक ग्राभेल गरिएको,
- वडा नं १ स्थीत उभियाफाँटामा पर्यटकिय स्थल(पिक्निक स्पोर्ट) निर्माण कार्य सम्पन्न गरिएको,
- १५ सैयाको आधारभुत नगर अस्पतालको निर्माण कार्य संचालनमा रहेको,
- नगरपालिकामा पर्यटन प्रवर्द्धन एवं मनोरञ्जनका लागि वडा नं ५ मा स्वीमिङ् पूल निर्माण गरिएको,

**नगर सभाका सदस्यहरू**

नगरपालिकालाई सभ्य, आकर्षक, भ्रष्टाचार अनियमिता र ढिलासुस्ती रहित सुबिधा सम्पन्न बनाउन यस सभामा उपस्थित जनप्रतिनिधी लगायत राजनैतिक दल, उपभोक्ता समिति, नागरिक समाज, पत्रकार, महिला, दलित, अपाङ्ग, जनजाति बुद्धिजिबी, शिक्षक, समाजसेवी, कर्मचारी, नगरबासी सबैको कर्तव्य हो । बिगतका राम्रा-नराम्रा कुराको समीक्षा गर्दै आगामी दिनमा कसरी सुधार गर्न सकिन्छ भनी समानता र समतामूलक नीति तथा कार्यक्रम तर्जुमा गर्दै अगाडी बढ्नुपर्ने आवश्यकता रहेको हुदा सभाले केही लक्षित कार्यक्रम तथा नीतिहरूलाई निम्नानुसार अगाडी सारेको छ ।

## खण्ड दुई

## आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट

**२.१.१. दिर्घकालीन सोच :**

"दिगो कृषि, पर्यटन, व्यापार र उत्थानशील पूर्वाधार"

"समृद्ध बेलौरीको मूल आधार"

**आगामी आ.ब. २०८३/८४ को नारा**

"सूचना प्रविधि सुशासन र सदाचार

स्मार्ट बेलौरीको बलियो आधार"

**२.१.२. लक्ष्य :-** प्राकृतिक साधन स्रोतको प्रभावकारी रूपमा उपयोग गरी समावेशी र दिगो विकासका माध्यमबाट आर्थिक रूपले आत्मनिर्भर र समुन्नत बनाउनका लागि पूर्वाधार, पर्यटन, शिक्षा, स्वास्थ्य एवम् कृषिमा जोड दिई रोजगारीको सिर्जना गर्दै सुशासन प्रबर्द्धन मार्फत सम्बृद्ध नगरपालिका र सुखी नगरबासी बनाईने छ ।

**२.१.३. उद्देश्य :**

- सुशासनलाई संस्थागत गर्दै नगरपालिकाले प्रवाह गर्ने सेवामा नागरिकको पहुँच अभिवृद्धि गरि सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउदै चुस्त दुरूस्त र पारदर्शी बनाइनेछ ।
- गुणस्तरीय शिक्षा र भरपर्दो स्वास्थ्य सेवा उपलब्ध गराई पूर्ण साक्षर, स्वस्थ र सभ्य नगरपालिकाको विकास गरिनेछ ।
- समावेशी र दिगो विकासका माध्यमबाट गुणस्तरीय, दिगो भौतिक पूर्वाधारको विकास गरिनेछ।
- बालमैत्री, महिलामैत्री, अपाङ्गमैत्री र समावेशी तवरले नगरपालिकाको विकास गरिनेछ ।
- प्राकृतिक स्रोतहरूको संरक्षण गर्दै पूर्ण सरसफाईयुक्त र वातावरणमैत्री नगरपालिका निर्माण गरिनेछ ।
- आधुनिक कृषि प्रणालीमा लगानी गरी रोजगारी सृजना गरिनेछ ।

**नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरुः**

- सुशासन र पारदर्शिता तथा डिजिटल सेवा प्रवाह
- सामाजिक विकास तथा गरिबी निवारण
- कृषि उद्योग तथा सहकारी क्षेत्रको विकास
- पूर्वाधार निर्माण तथा दिगो विकास
- सूचना प्रविधी तथा सञ्चार क्षेत्रको विकास
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापन
- पर्यटन विकास, रोजगारी सृजना तथा मानव पुँजी निर्माण

**२.१.४. अपेक्षित उपलब्धी :** नगरपालिकाका मुख्य बजार क्षेत्रहरू आकर्षक र सुबिधायुक्त हुनेछन्, सबै ग्रामीण बस्तीहरूमा बिजुली, खानेपानी र सडक सुबिधा पुग्नेछ । विद्यालय उमेर समूहका सबै बालबालिका विद्यालयमा जानेछन्, धार्मिक पर्यटकीय क्षेत्रको संरक्षण भई आन्तरिक पर्यटनको विकास हुनेछ । कृषि प्रणालीमा सुधार भई रोजगारीका सम्भावनाहरू बढ्दै गरिबी घट्नेछ । नगरपालिका र वडाहरूबाट प्रदान गरिने सेवाहरू प्रविधिमैत्री, पारदर्शी, चुस्त र दुरूस्त भई सुशासन प्रवर्द्धन मार्फत समृद्ध नगरपालिका हुनेछ । दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण गरिनेछ । समृद्ध बेलौरी र सुखी बेलौरीबासी भन्ने नारालाई कार्यान्वयन गरिनेछ ।

**२.२ बजेट तर्जुमा गर्दा अवलम्वन गरिएका आधारहरुः**

वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख पद्धति तथा आधारहरू निम्नानुसार छन ।

- नेपालको संविधान २०७२ को अनुसूचि ८ र ९ मा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सूचिकृत एकल तथा साझा अधिकारहरू, राज्यका निर्देशक सिद्धान्त र नीतिहरू।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०७४ ।
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापदण्डहरू ।
- राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समितिवाट प्राप्त राय सुझावहरू ।
- नेपाल सरकार एवं प्रादेशिक सरकारवाट प्राप्त वजेट सिलिङ्ग र वजेट तर्जुमा गर्दा लिनुपर्ने आधारहरू ।
- वडा , वस्ती स्तरीय योजना सङ्कलन तथा सुझावहरू।
- विषयगत कार्यालय तथा निकायवाट प्राप्त राय सुझावहरू।
- विगत वर्षहरूमा सम्पन्न भएका गाउँसभा अधिवेशनका बैठकहरूबाट भएका निर्णयहरू।
- नेपाल सरकारको आवधिक योजनाले निर्धारण गरेका लक्ष्य तथा प्राथमिकताहरू।
- विभिन्न राजनितिक दल लगायत बुद्धिजिवी, विज्ञ, नागरिक अगुवाहरूसँगको परामर्शवाट प्राप्त राय सुझावहरू ।
- संयुक्त राष्ट्रसंघले निर्धारण गरेका दिगो विकासका लक्ष्यहरू
- विभिन्न विषयगत विज्ञहरूसँग छलफल गर्दा प्राप्त सुझावहरू र आँम नागरीकका सुझावहरू ।
- नगरपालिकाबाट विगतमा स्वीकृत भएका ऐन र नियमावली, नीति, कार्यविधिहरू।
- विकास साझेदार संघसंस्थाका राय, सल्लाह र सुझावहरू।

**नगर सभाका सदस्यहरू,**

नगरपालिकालाई प्राप्त भएका सबै सम्भावना र अवसरहरूलाई सम्पत्तिको रूपमा ग्रहण गर्दै संवैधानिक व्यवस्था अनुरूप सामाजिक सद्भाव, राष्ट्रिय एकता, सांस्कृतिक र धार्मिक सहिष्णुता एवं उदार मुल्यहरूको अभिवृद्धी गरिनुका अतिरिक्त वैज्ञानिक, मानवतावादी र आधुनिक चिन्तनलाई प्रश्रय दिदै प्राकृतिक श्रोत माथि स्थानीय जनताको अक्ष्युण अधिकारको पूर्ण रक्षागरी प्राकृतिक श्रोतमा स्थानीय समुदायको पहुँचको संवैधानिक प्रावधान कार्यान्वयनमा जोड दिईनेछ ।यसैको जगमा टेकेर समृद्ध बेलौरी नगरपालिका निर्माण गर्ने प्रतिबद्धताका साथ अब म यस नगरपालिकाको आगामी आर्थिक वर्षको बार्षिक योजना तथा कार्यक्रमका मुख्य-मुख्य क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

**आर्थिक विकास क्षेत्र तर्फः**

**क) कृषि :**

- केराको उप उत्पादन थाम बाट धागो र डोरी उत्पादन गर्ने उद्योग स्थापना गरिने छ ।
- बीउ पुँजि फिर्ता कार्यक्रम सञ्चालन गरी कृषकहरूलाई हरेक वर्ष हुने बीउ अभाब कम गरिनेछ। साथै कृषकहरुलाई किसान परिचयपत्र उपलब्ध गराईनेछ।
- विभिन्न बालीहरूमा कृषक पाठशाला सञ्चालन गरी कृषकहरूलाई दक्ष बनाईनेछ ।
- ५० अनुदानमा % खाद्यान्न, तरकारी, च्याउ, मुङ् ढैचा, कृषि औजार लगायत अन्य कृषि सामग्री वितरण गरी उत्पादन र उत्पादकत्व बढाई कृषकहरूलाई आत्मनिरभर बनाईनेछ ।
- पुष्प नर्सरी स्थापना तथा पुष्प खेती विस्तारमा जोड दिईनेछ ।
- १००० दिने आमाहरूलाई तरकारीको विउ वितरण गरी आमा तथा शिशुको पोषण अवस्थामा सुधार ल्याईनेछ।
- विभिन्न बालीहरूमा पकेट विकास कार्यक्रम सञ्चालन गरी कृषक तथा कृषक समुहहरूलाई आत्मनिर्भर बनाईनेछ ।
- किसानहरूलाई सिंचाई सुविधा पुर्याउनका साना सिंचाई कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषकहरूको खेतबारीमा गई आवश्यक प्राविधिक सरसल्लाह तथा सुझाबहरू निरन्तर दिईने छ। साथै रसायनिक मल र बिषादिको सट्टा जैविक मलको प्रयोगमा जोड दिईनेछ ।
- राष्ट्रिय धान दिवस कार्यक्रमलाई निरन्तरता दिनुका साथै उत्कृष्ट कृषकलाई सम्मान तथा प्रोत्साहन दिईने छ ।
- कृषि क्षेत्रमा हुनसक्ने सम्भावित विपद्लाई न्यूनीकरण गर्नका लागि कृषकहरूलाई कृषि बिमामा आवद्ध गरिने छ ।
- किसानमैत्री, आधुनिक तथा जलवायु अनुकुल कृषि प्रणालीको विकास गरी, स्थानीय उत्पादनमा जोड दिदै एक वडा एक उत्पादन कार्यक्रम लागु गरिने छ।

- व्यवसायिक कृषि प्रणालीको विकास गर्दै युवाहरूलाई कृषिसंग जोडी स्वरोजगार कार्यक्रम संचालन गरिनेछ।
- बजारमा कृषकहरूको सहजै पहुचका लागि कृषि हाट बजार संचालन गरिनेछ।

**ख) पशुसेवा :**

- नियमित रूपमा पशु सेवा शाखा र उपशाखाहरूबाट सञ्चालन भई रहेको डिस्पेन्सरी तथा प्राविधिक सेवालाई नियमितता दिइने छ ।
- यस नगरपालिकालाई पूर्ण खोप युक्त पालिका घोषणा गर्न आवश्यक पहल गरिने छ। यसका लागि भेटेरीनरी अस्पताल तथा पशु विज्ञ केन्द्र कञ्चनपुर सङ्ग समन्वय गरि खोरेत, पि.पि.आर. जस्ता महामारी जन्य रोग बिरूद्ध नि:शुल्क रूपमा पूर्ण खोप अभियान लाई निरन्तर संन्चालन गरिनेछ ।
- आन्तरिक तथा बाह्य परजीवी बिरूद्ध वडाहरूमा १ दिने निशुल्क शिविर सञ्चालन गरिने छ ।
- क्षेत्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला धनगढीसंग समन्वय गरी प्रयोगशालामा आधारित रोग निदान गरी पशुपन्छीको रोग उपचार गरिनेछ । साथै गोबर परीक्षण र सि.एम.टि (थुनेलो रोग) परीक्षण कार्य लाई निरन्तरता दिइने छ ।
- गाई, भैसि र बाख्रामा बेलौरी पशु सेवा शाखा तथा उपशाखा बाट सञ्चालन हुदै आइरहेको कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- किसानहरूलाई नश्ल सुधार तथा नश्ल विकास सम्बन्धी ज्ञान र सिपको अभिवृद्धि गरिनेछ ।
- पशुजन्य उत्पादनमा लागत न्यूनिकरणको लागि घाँसमा आधारित पशुपालन गर्न ऊन्नत जातको घाँस खेतीको प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुपन्छी तथा माछा पालनलाई आधुनिकिकरण र व्यवसायीकरण गरी माछा, मासु, दुध र अण्डा उत्पादनमा आत्मानिर्भर बनाईनेछ साथै अण्डा तथा दुग्धजन्य पदार्थ सेवनमा वृद्धि गरी मानव पोषणमा सुधार गर्ने नीति अपनाईनेछ ।
- यस नगरपालिकाको प्रमुख समस्याको रूपमा रहेको रेबिज रोग नियन्त्रण गर्न विश्व पशु स्वास्थ्य संगठनको "जिरो डेथ्थ वाई २०३०" निति अनुसार सन २०३० सम्ममा रेबिज संक्रमित कुकुरको टोकाईबाट मानव मृत्यू शुन्य गराउने नेपालको लक्ष्य रहेको हुदा रेबिज रोग बिरूद्ध नगर क्षेत्रका सम्पूर्ण कुकुरहरूलाई पशु सेवा शाखा तथा उपशाखाहरूबाट निरन्तर निशुल्क रेबिज खोप लगाउने कार्यक्रम संचालन गरिनेछ ।
- वडा तथा टोल स्तरमा रेबिज रोग बिरूद्ध खोप शिविर सञ्चालन गरिनेछ साथै रेबिज रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- पुराना पोखरीहरूलाई मर्मत तथा संम्भार गरी आधुनिक तथा व्यवसायिक माछापालनलाई जोड दिइनेछ ।

- प्राकृतिक तालमा माछा पालनको सम्भाब्यता अध्ययन गरिनेछ ।
- कृषक, समूह तथा फार्महरूलाई पशुपन्छी बिमा तथा कृषि ऋण कार्यक्रमको बारेमा अभिमूखिकरण तथा बिमा कम्पनि र बैंकसँग अन्तरकृया कार्यक्रम सञ्चालन गरिनेछ ।
- जुनोटिक रोगहरूको बारेमा जनचेतनामूलक कार्यक्रमलाई निरन्तर सञ्चालन गरिनेछ ।

**ग) श्रम तथा रोजगार कार्यक्रमः**

- रोजगार सेवा केन्द्रलाई रोजगार, सीप तथा उद्यमशिलता केन्द्रको रूपमा सुदृढिकरण गरी पालिकास्तरमा श्रम, रोजगार, सीप तथा उद्यमशिलता क्षेत्रका कार्यक्रमहरूलाई एकिकृत रूपमा सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
- पालिका भित्र सञ्चालन गरिने सीप विकास तथा उद्यमशिलता तालिमको तथ्याङकलाई एकिकृत गरी **रोजगार बैंक** तयार गरिनेछ । एकपटक सीप सिकी स्तरउन्नति गर्न चाहने व्यक्ति/उद्यमीहरूलाई फलोअप कार्यक्रम सञ्चालन गरिनेछ । रोजगार बैंकलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न बजारको माग र आपुर्तिको विश्लेषण सहित रोजगार संवाद मञ्चसंगको समन्वयलाई विस्तार गरिनेछ ।
- रोजगार सेवालाई दिगो तथा प्रभावकारी बनाउनका लागि पालिकामा लक्षित वर्ग, सूचिकृत बेरोजगार व्यक्तिहरूलाई रोजगारी प्रवर्द्धनका क्षेत्रमा काम गर्ने सरोकारवाला निकायहरू निजी क्षेत्र/ संघसंस्थाहरूसंगको समन्वय तथा सहकार्यमा श्रम तथा रोजगार क्षेत्रको तथ्याङ्क संकलन तथा अद्यावधिक कार्यलाई निरन्तरता दिइनेछ ।
- श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा गएका श्रमिक तथा उनीहरूका परिवारले प्राप्त गर्ने विभिन्न कल्याणकारी सेवाहरू, जस्तै उद्धार, खोजतलास, शव व्यवस्थापन, आर्थिक सहायता तथा वैदेशिक रोजगारीका क्रममा अभिभावक गुमाएका बालबालिकाका लागि सन्तति छात्रवृत्तिलगायतका सेवाहरूमा पहुँच सुनिश्चित गर्न आवश्यक सहजीकरण गरिनेछ।
- सुरक्षित आप्रवासन सेवालाई प्रभावकारी बनाउन वैदेशिक रोजगारीका क्रममा अंगभंग भएका, मानसिक तनाव भोगेका वा पारिवारिक समस्यामा परेका फर्किएका श्रमिक र उनीहरूका परिवारका लागि नियमित मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्ने।
- सार्वजनिक पूर्वाधार निर्माणमा श्रममुलक प्रविधिको प्रयोग मार्फत न्यूनतम रोजगार कार्यक्रमलाई साझेदारीमा सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारसंग सम्बन्धित सेवा (वित्तिय साक्षरता, मनोसामाजिक परामर्श, वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरू, पुनः श्रम स्वीकृतिमा सहजिकरण, पुनः एकिकरण कार्यक्रम, सीप तथा क्षमता विकास) हरू लगाएतका कार्यलाई निरन्तरता दिइनेछ ।
- योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा सहजीकरणका लागि स्थानीय योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, निर्देशिका लगायत आवश्यक कार्यविधि तयार

गरिनेछ र योगदानमा  आधारित सामाजिक सुरक्षा सम्वन्धि वडा र बस्तीस्तरमा सचेतना र क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

- स्वदेशमा तथा विदेशमा सिकेर आएको सीप तथा नेपालमै सीप सिकि उद्यम गरिरहेकाहरूलाई नेपाल सरकारको (जस्तै: CTEVT) मापदण्ड अनुसार सीप प्रमाणीकरण (Skill Certification) (RPL - Recognition of Prior Learning) गराउन पालिकाले सहजीकरण गर्ने ।
- यस पालिकामा रोजगारी प्रवर्द्धनका तथा स्वरोजगारीको क्षेत्रमा काम गर्ने निजी क्षेत्र, सीपमूलक अनुसारका माग बजारको साझेदारीमा तथा सहकार्य संघसंस्थासंगको विभिन्न तालिमहरू । गरिनेछ पहल गर्न सञ्चालन
- भारतमा हुने आप्रवासनलाई व्यवस्थित बनाउन आवश्यक पहल कदमी गरिनेछ ।
- अन्तरराष्ट्रिय श्रमिक दिवस पारेर पालिकाका उत्कृष्ट श्रमिकलाई सम्मान गरिनेछ।
- मुक्त कमैयाहरूलाई विषेश रोजगार कार्यक्रम ल्याइनेछ ।
- यूवाहरूलाई रोजगार र पर्यटनसंग जोड्न बेलौरी नगरपालिकामा अवस्थित पर्यटन क्षेत्रको प्रदर्शन र प्रचार प्रसारका लागि युवाहरूलाई ड्रोन क्यामेरा चलाउन आवश्यक तालिमको व्यवस्था गरिनेछ।

**घ) सहकारी तथा गरिबी निवारण**

प्रत्येक सहकारीको लेखा प्रणालीमा एकरूपता ल्याउन प्रविधिमैत्री लेखा प्रणाली र **COPOMIS** सम्बन्धी तालिमको व्यवस्था गरिनेछ । नगरपालिका मातहतमा रहेका सहकारी संस्थाहरूको अवस्था हेरी एकीकरण र खारेजीको अवलम्बन गरिनेछ ।

- विद्युत सहकारी संस्था लगायत सहकारी संस्थाहरूको सुदृढीकरण, विकास र प्रवर्द्धनका लागि अनुगमन, नियमन र नियन्त्रण गरिनेछ ।
- सहुलियत कर्जाका लागि लक्षित वर्ग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**ङ) लघु उद्यम विकास तर्फः**

- ***"एक घर एक उद्यमी, एक वडा एक उत्पादन, एक वडा एक उद्योग"*** अभियान संचालन गरिनेछ।
- उद्यमीहरूको ज्ञान सीप र अनुभव अभिवृद्धिका लागि अध्ययन-अवलोकन भ्रमण सम्मान तथा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।
- सीपयुक्त जनशक्तिलाई पालिकास्तर भित्रै उपयोगमा ल्याउन आवश्यक व्यवस्था गरिनेछ ।
- सीपयुक्त जनशक्तिलाई बजारको माग र आपूर्तिसँग जोडेर बेरोजगारी समस्या न्यूनीकरण गरिनेछ।
- उद्योग तथा व्यवसायमा महिलाको सहभागिता बढाउनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

- नगरपालिकामा रहेका युवा जनशक्ति तथा विशेष सीपको चाहना भएका व्यक्तिहरूलाई उद्यमशीलतामा प्रोत्साहन गरिनेछ।
- रोजगारीका क्षेत्रमा युवा जनशक्तिलाई आकर्षण गर्न सीप विकास सम्बन्धी कार्यक्रमहरू प्रभावकारीताका साथ सञ्चालन गरी सीपयुक्त जनशक्तिको पालिका भित्रै उपयोग गर्ने नीति अवलम्बन गरिनेछ।
- लघु घरेलु तथा साना उद्योग व्यवसायहरूको तथ्याङ्क संकलनबाट आवश्यकता र समस्याहरूको पहिचान गरी भावी रणनीति तय गरिनछ साथै स्थानीय स्रोत साधनमा आधारित उद्योगको प्रवर्द्धन गरिनेछ।
- जीवन निर्वाहका लागि व्यवसाय गर्न चाहेका तर आर्थिक अभावका कारण व्यवसाय गर्न नसकेका उद्यमिहरूलाई स्टार्ट अप उद्यमकर्जामा जोडिनेछ।

**नगर सभाका सदस्यहरू**

**सामाजिक विकास तर्फः**

**क) शिक्षा, युवा तथा खेलकुदः**

- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षण तथा सिकाइ सुधार योजना तयार गरी कार्यान्वयनमा लगिनेछ ।
- हरित विद्यालयको अवधारणा अन्तर्गत विरूवा रोपण र विद्यालय सौन्दर्यकरणको माध्यमबाट विद्यालयको भौतिक वातावरणलाई आकर्षक बनाइ विद्यार्थीहरूको रूचीको विद्यालय बनाइनेछ।
- विद्यार्थीहरूको तथा युवाहरूको नेतृत्व क्षमता विकास गर्ने खाले युवामैत्री कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयका अभिभावक एवं सरोकारवालालाई उत्प्रेरणात्मक कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरि निजहरूलाई विद्यालय तथा विद्यार्थीप्रति थप जिम्मेवार बनाइनेछ ।
- सामुदायिक विद्यालयका विद्यार्थीलाई पढाइप्रति थप आकर्षित गरि स्वाबलम्बी बनाउन ***पढ्दै कमाउँदै*** कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक सामुदायिक विद्यालयमा ई-हाजिरीको प्रबन्ध गरी शिक्षक तथा कर्मचारीलाई विद्यालयप्रति थप जिम्मेवार बनाईनेछ।
- नगरपालिका अन्तर्गत रहेका सबै सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपातमा दरबन्दी मिलान गरिनुका साथै तहगत प्रधानाध्यापकको व्यवस्था गरिनेछ।
- विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षक तथा कर्मचारीको पेशागत दक्षता अभिवृद्धि कार्यक्रम गरिनेछ

- विद्यार्थीको कक्षागत र विषयगत नतिजा सुधारका लागि विद्यालयको संस्थागत क्षमता विकास गरिनेछ ।
- आवश्यकता र औचित्यका आधारमा विद्यालयहरूको समायोजन, डाउनसाईजिङको कार्य अगाडी बढाइनेछ।
- विद्यालयहरूमा अत्यावश्यक सहायता प्रदान गर्नका लागि शिक्षा विकास कोष खडा गरिनेछ।
- प्राविधिक तथा व्यवसायिक शिक्षाबाट विद्यार्थीलाई आत्मनिर्भर बनाउनका लागि हाल सञ्चालित प्राविधिक विद्यालयको स्तरोन्नति गरिनेछ।
- गरिब, जेहेन्दार, शारिरीक रूपले फरक क्षमता भएका तथा प्राविधिक धार अन्तरगत अध्ययनरत विद्यार्थीलाई पढाइमा टेवा पुर्याउनका लागि छात्रवत्तिको व्यवस्थापन गरिनेछ।साथै उच्च शिक्षा र प्राविधिक धारमा अध्ययनरत दलित समुदायका विद्यार्थीहरूलाई दिईदै आएको नगरस्तरीय छात्रवृत्रीलाई निरन्तरता दिईनेछ।
- विद्यालय अनुगमन तथा नियमन तथा पेशागत सहयोगको पाटोलाई सशक्त बनाइ दण्ड र पुरस्कार प्रणाली अबलम्बन गरिनेछ।
- ***स्वास्थ्यका लागि खेलकुद, राष्टका लागि खेलकुद, असल व्यक्तित्व निर्माणका लागि अतिरित्त क्रियाकलाप*** भन्ने नारालाई आत्मसात गरि विद्यालयमा अतिरीक्त र सहक्रियाकलापका कार्यक्रमलाई महत्वका साथ अगि बढाइनेछ।
- युवा तथा विद्यार्थीहरूमा लागुपदार्थ विरूद्ध सचेतना, आचार शिक्षा, साहित्य, कला, संस्कृति संरक्षण सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- अनौपचारिक तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षाका कार्यक्रमलाई महत्वका साथ अगाडी बढाइनेछ सोका लागि सामुदायिक सिकाइ केन्द्रलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ।
- विद्यालयको गुणस्तर प्रवर्धन गरि नमुना अभ्यास मार्फत अन्य विद्यालयको समेत सिकाइ केन्द्र बनाउन पालिकास्तरीय नमुना विद्यालय कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका विद्यालय श्रोतका  निश्चित पालिकाबाट) शिक्षकह (जाने अनुदानरूगरिनेछ। पुनर्वितरण अनुपातमा शिक्षक विद्यार्थी लाई
- विद्यालयहरूका असल अभ्यास, अनुभव अन्तरक्रियात्मक आवश्यक लागि प्रदानका आदान(ज्ञान) बढाइनेछ अगाडी कार्यक्रम।
- विद्यालय शिक्षाको आधारभूत तह (कक्षा १ देखि ८) को पाठ्यक्रम निर्माण भइ सकेको अवस्थामा  सोको पाठ्यपुस्तक निर्माणको कार्यलाई तिव्र गतिमा अगाडी बढाइनेछ ।
- नगरमा रहेका युवा जनशक्तिलाई निजामती, शिक्षक लगायतका प्रतिस्प्रधात्मक परीक्षामा अब्बल बनाउन लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ ।

**ख) स्वास्थ्यः**

- विवाहपूर्व अनिवार्य सिकलसेल जाँचः बेलौरी नगरपालिकामा रैथाने जनस्वास्थ्य समस्याको रूपमा रहेको सिकलसेल एनेमिया र थालासेमिया रोग नियन्त्रणका लागि "विवाहपूर्व अनिवार्य सिकलसेल तथा थालसेमिया जाँच र स्वास्थ्य कुण्डली कार्ड" नीति लागू गरिनेछ। जोखिमयुक्त जोडीहरूलाई सुरक्षित प्रजनन् परामर्श र औषधि निशुल्क दिने नीति लागु गरिनेछ।
- एकिकृत जनस्वास्थ्य अभियान सञ्चालन गरिनेछ । जसमा पूर्ण संस्थागत सुत्केरी घोषणा अभियानलाइ निरन्तरता, बालबिवाह मुक्त नगर घोषणा अभियान सुरू, कुपोषण न्यूनीकरण, पूर्ण खोप सुनिश्चितता तथा दिगोपना, पूर्ण सरसफाई, आत्महत्या न्यूनीकरण, एक दम्पति एक परिवार नियोजन साधन प्रयोग, धुम्रपान र मद्यपान सार्वजनिक स्थलमा सेवन पूर्ण निशेध, लागुऔषधी प्रयोग न्यूनीकरण, सर्ने तथा नसर्ने रोग न्यूनीकरण, स्वास्थताका लागि योगाध्यान आदि।
- नगरबासीलाई बिरामी हुदा वा दुर्घटना हुदा ईमरजेन्सी अवस्थामा स्वास्थ्य संस्थाहरूमा पुर्याउन बढिमा पनि १५ मिनेट भित्र एम्बुलेन्सको सुबिधा उपलब्ध गराउने ब्यवस्था गरिनेछ।
- नगरपालिका क्षेत्र भित्र उत्पादन भइरहेका जडिबुटीहरूको प्रशोधनबाट औषधी उत्पादन गर्न सम्भाब्यता अध्ययन गरिनेछ ।
- राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयम् सेबिकाको सेवाको उच्च कदर सम्मान गरिनेछ । सेवा बाट अलग हुँदा दिइदै आएको रू १ लाख रकमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ।
- बेलौरी नगरपालिका वडा न. ७ र ९ मा बर्थिङ सेन्टर सञ्चालनमा ल्याइनेछ ।
- सरूवा तथा महामारीजन्य रोगहरूको नियन्त्रण र रोकथामका लागि **हामी स्वस्थ, हाम्रो पालिका स्वस्थ** भन्ने अभियान सञ्चालन गरिनेछ ।
- सामुदायिक वनहरूमा बिभिन्न जटिबुटी युक्त बोटबिरूवा वृक्षारोपणमा अनुदान दिई १० वर्ष भित्र औषधी उत्पादन उधोग स्थापना गर्न योजना तयार गरीनेछ ।
- किशोर किशोरीको स्वास्थ्य सबल बनाउन प्रत्येक स्कुलमा स्कुल हेल्थ क्लब गठन गर्ने, जसमा पोषण, मुख स्वास्थ्य, यौन तथा प्रजनन् स्वास्थ्य एवं मानसिक स्वास्थ्य, बालविवाह, लागू औषध दुर्व्यवसन विरूद्ध जस्ता पक्षलाई सम्बोधन गर्न स्वास्थ्य जनशक्ति मार्फत अभिमुखिकरण गरिनेछ।
- पालिका क्षेत्र भित्र सिकलसेल एनिमिया, वर्थडिफेक्ट जस्ता स्वास्थ्य समस्या समाधानका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

- पालिका अन्तर्गतका सरकारी कार्यक्रमहरूमा पोषण विज्ञहरूबाट तयार गरिएको स्वास्थ्य तथा सन्तुलित खानाको मेनु तयार गरी सोही अनुसारको खाना खाजा वितरण गर्न अनिवार्य गर्नुका साथै स्कुल, कलेजमा जंक फुड रहित खाजाको मापदण्ड बनाई कडाई गरिनेछ।
- शैक्षिक संस्थामार्फत सिटिइभिटी वा अन्य मान्यताप्राप्त शिक्षण संस्थासँग समन्वय गरी पालिकाले आफ्नै स्वास्थ्यतर्फको शैक्षिक कार्यक्रम सञ्चालन गर्न सम्भाव्यता अध्ययन र सञ्चालन प्रक्रिया अगाडि बढाइनेछ।
- गर्भवती सुत्केरी महिला र एचआइभी एड्स संक्रमित बिरामीहरूलाई दिइदै आएको पोषण खर्चलाइ निरन्तरता दिइनेछ ।
- क्षयरोग मुक्त पालिका घोषणा अभियान सञ्चालन गरिनेछ।
- स्वास्थ्य स्वयं सेविका तथा सुत्केरी आमाहरूलाई दिईदै आएको सेवा सुविधालाई निरन्तरता दिईनेछ ।
- अति विपन्न् बर्ग र कमलरीहरूका लागि स्वास्थ्य बिमा कार्यक्रम निरन्तरता दिई उपचारमा सहुलियत गराईनेछ।
- शहिद र वेपत्ता परिवारहरूलाई नगरपालिकाबाट निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ।

**ग)महिला, बालबालिका अपाङ्गता तथा ज्येष्ठ नागरिक तर्फः**

- लैङ्गिक समानता र महिला सशक्तिकरणको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न, हरेक क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्नको लागि शिक्षा , स्वास्थ्य, रोजगारी, गरिवी निवारण, जीविकोपार्जन सुधार, सामाजिक सुरक्षार, पूर्वाधारमा पहुँच लगायतका विषयमा महिला लक्षित कार्यक्रमहरू संचालन गरिनेछन् ।
- लैङ्गिक हिंसा निवारणका लागि निरोधात्मक, प्रबद्र्धनात्मक, संरक्षणात्मक उपाय र पुनस्थापनाको नीति अवलम्बन गरी बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, छाउपडी, बालश्रम, मानव बेचविखनजस्ता सामाजिक कुरिती र अन्ध विश्वासको अन्त्य गर्ने गराउने जनचेतनामूलक कार्यक्रमहरूलाई विस्तार गरिनेछ ।
- गरिब तथा विपन्न, दलित, आदिबासी जनजाती, एकल तथा अपांगता भएका महिला, मुक्त कमलरी, हिंसापिडित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एचआइभी सङ्क्रमित र बञ्चितिमा परेका सबै समुदायका महिला तथा किशोरीको आय आर्जन क्षमता विकास र सशक्तिकरण गर्ने गरी आर्थिक सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- महिला तथा किशोरी विरूद्ध हुने सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गरिनेछ । यस नगरपालिकालाई बालविबाह, बहुविबाह, दाईजो, बोक्सी तथा छाउपडी लगायतका हानिकारक अभ्यासबाट मुक्त तुल्याईनेछ। हिंसापिडित तथा प्रभावित महिलाको सुरक्षाको

लागि राहत, उद्धार, पुनःस्थापना, निःशुल्क कानुनी सहायता, मनोसामाजिक परामर्श सेवा उपलब्ध गराईनेछ ।

- लैङ्गिक हिंसा निवारण कोष को व्यवस्थापनलाई प्रभावकारी वनाईनेछ ।
- लैङ्गिक उत्तरदायी बजेट (GESI) निर्माण तथा परीक्षणको व्यवस्था मिलाउनका साथै वजेटलाई लैङ्गिक उत्तरदायी संकेत (GRB Coding)गरेर SUTRA मा प्रविष्ट गरिनेछ ।
- बालबालिका सम्बन्धि नीति बालमैत्री स्थानीय शासन, पोषणमैत्री स्थानीय शासन, बालश्रम अन्त्य, बालविवाह मुक्त स्थानीय तह बनाउनको लागि विभिन्न अभियानहरू संचालन गरिनेछन्।
- बालबालिका सम्बन्धि ऐन २०७५ मा व्यवस्था भए अनुसार निर्माण गरिएको बाल संरक्षण तथा सम्बद्र्धन कार्यविधि लाई कार्यान्वयनमा ल्याई बाल अधिकार समितिको परिचालन र बाल कोषको परितालन गरी बाल संरक्षण प्रणालीलाई सुनिश्चित गरिनेछ ।
- स्रोत साधन सहितको बालबालिका शाखा, वडा र यस क्षेत्रभित्रका विद्यालयहरू (सामुदायिक र संस्थागत) मा बालक्लब गठन तथा पुनःगठन, वडा तथा नगर स्तरीय बाल संजाल पुन गठन गरी बाल अधिकार प्रणालीको सवलीकरण गरी क्षमता विकास गरिनेछ ।
- टोल, वडास्तरदेखिनै प्रभावकारी तथा अर्थपूर्ण बाल सहभागिता सहित बाल भेलाको आयोजना गरी बालबालिकाले प्रदान गरेका सुझाब अनुसार योजनाहरू निर्माण गरिनेछ ।
- ज्येष्ठ नागरिकहरूको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरूको ज्ञान, सीप र अनुभवलाई नगरपालिकाको सकृद्धिको लागि प्रयोग गरिनेछ , ज्येष्ठ नागरिकलाई स्वास्थ्य तथा अन्य सेवा सुविधामा छुट र सहुलियतलाई अझ व्यवस्थित गर्दै लगिनेछ ।
- आर्थिक र सामाजिक रूपमा पछि परेका महिला बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक अल्पसंख्यक, सीमान्तीकृत समुदायको सामाजिक र आर्थिक उत्थान सम्बन्धी कार्यक्रमहरू संचालन गर्नुपर्ने ।
- सरोकारवाला निकाय तथा सङ्घसंस्थासँगको समन्वयमा निरोधात्मक, संरक्षणत्मक र सचेतनामूलक कार्यक्रम सञ्चालन गरी मानव बेचबिखन तथा ओसारपसार अन्त्य गरिनेछ, पिडित तथा प्रभावितको उद्धार, संरक्षण, न्यायमा पहुँच र पुनःस्थापना गरिनेछ, नगरक्षेत्रमा रहेका तथा फेला परेका असहाय तथा अलपत्र अवस्थामा रहेका व्यक्तिहरूको उद्धार तथा पुनःस्थापना गरी बेसाहारा मुक्त नगरपालिका निर्माण गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक तथा सामाजिक सशक्तिकरणसँगै सहज र सम्मानपूर्ण जीवन सुनिश्चित गरिनेछ ।

- नगर क्षेत्रभित्र कार्यक्षेत्र बनाएका गैरसरकारी संस्थाहरूलाई सुचिकृत गर्दै नगरपालिकाको आवश्यकता र प्राथमिकताको क्षेत्रमा परिचालन र व्यवस्थापन गर्दै ती संस्थाहरूको स्रोतआर्जन र सञ्चालनमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व वृद्धि गरिनेछ ।
- द्वन्द्वपीडित, शहिद वेपत्ता परिवारकालागि गरिएको बीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**च) कला, संस्कृति र पर्यटनः**

- यस नगरपालिका अन्तर्गत रहेका विभिन्न धार्मिक, पर्यटकीय, साँस्कृतिक तथा आध्यात्मिक क्षेत्रको संरक्षण तथा सम्वर्द्धन गर्ने कार्य गरिनेछ ।
- पौराणिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्वका पर्यटकीय क्षेत्रको अवलोकन गरी आवश्यक पूर्वाधार निर्माण गरिनेछ।
- बेलौरी नगरपालिकाको पहिचान, भाषा, भेषभुषा, रहनसहन तथा संस्कृती झल्किने गरी विभिन्न ठाउँहरूमा होर्डिङ्ग बोर्ड तथा भित्तेचित्र निर्माण गरी बेलौरीको पर्यटन प्रवर्द्धनमा टेवा पुर्याईने छ।
- बन्दाताल, शोभाताल, पुरैनी ताल सिक्री कुण्डा ताल लगायतका तालहरूलाई पर्यटकीय क्षेत्रहरूको रूपमा विकास गरिनेछ ।
- नगरभित्रका मठमन्दिर, बौद्ध विहार, गुम्बा, चर्च, देउथान/भुईयाँ तथा सबै जातजाती धर्मका धार्मिक क्षेत्रहरूलाई पर्यटन आकर्षणका केन्द्रको रूपमा विकास गरिनेछ ।
- बेलौरी नगरपालिका क्षेत्रभित्र सञ्चालनमा आउने सामुदायिक होमस्टेहरूको प्रवर्द्धन गरिनेछ ।
- परम्परागत गितसंगितहरूको संरक्षण गर्न डेउडा गित, सखिया नाच, मुङ्रौह्वा नाच, झुम्रा नाच, होली गित, भुवा नाच, लाखे नाच आदिको संरक्षण तथा सम्बर्द्धन गरिने छ ।
- पर्यटन क्षेत्रको विकासमा संलग्न रहेका व्यक्ति, नीजि क्षेत्र तथा संघसंस्थाहरूलाई प्रोत्साहित गरिनेछ ।
- वडा न ८ र ९ मा पर्ने सिमसार क्षेत्र संरक्षण तथा प्रवद्धन गरिने छ ।
- वडा न ९ मा रहेको कुण्डलाई पिकनिक स्पट (Picnic Spot) का रूपमा विकास गरिनेछ।

**छ) खानेपानी तथा सरसफाईः**

- ***सफा पानी स्वस्थ जिन्दगानी*** नाराका साथ प्रत्येक नगरवासीलाई शुद्ध खानेपानीमा पहुँच दिलाउन आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै अति विपन्न परिवारका लागि निःशुल्क खानेपानी धारा जडान गरिनेछ ।
- बेलौरी नगरपालिकालाई स्वच्छ नगरपालिकाको रूपमा स्थापित गर्न ***मैले गरेको फोहर, म आफै सफा गर्छु*** भन्ने खालका जनचेतनामुलक कार्यक्रमहरू संचालन गरिनेछ ।

- नगरपालिका भित्रका होटल तथा नास्ता पसलहरूमा गुणस्तरीय तथा शुद्ध खानेपानीका लागि अनिवार्य स्वयम् होटल धनीले फिल्टर वा उमालेको पानी राख्नु पर्ने नीतिलाई प्रभावकारी ढंगले लागू गरिनेछ ।
- नगर तथा वडा स्तरमा स्वच्छ तथा शुद्ध खानेपानी तथा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ ।
- Wash Plan तयार गरी खानेपानी निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- बेलौरी बजार लगायतका अन्य बजार क्षेत्रमा व्यवस्थित रूपमा ढल तथा नाली निकास निर्माण गरिनेछ साथै फोहोरमैलाको वर्गिकरण सहितको व्यवस्थापनका लागि आवश्यक नीति तर्जुमा गरी लागु गरिनेछ,
- बेलौरी लगायत अन्य मुख्य मुख्य बजार क्षेत्रलाई सफा राख्न ठाउँठाउँमा डस्टबिनको व्यवस्था गरिनेछ,

**पूर्वाधार विकास तर्फः**

- नगरपालिका क्षेत्रभित्र रहेका बेलौरी, कलकत्ता तथा गोकुलपुर बजार क्षेत्रको व्यवस्थित शहरी विकास, सौन्दर्यीकरण तथा एकरूपता कायम गर्न "कलर कोडिङ" प्रणाली लागू गरी भवन, सार्वजनिक संरचना तथा सडक क्षेत्रको सौन्दर्य अभिवृद्धि गरिनेछ।
- नगर क्षेत्रको वातावरणीय सन्तुलन, हरियाली प्रवर्द्धन तथा स्वच्छ वातावरण निर्माणका लागि रिङ्गरोड, सडक किनारा, सार्वजनिक खुला क्षेत्र तथा उपयुक्त स्थानहरूमा हरित क्षेत्र निर्माण, वृक्षारोपण तथा हरित पेटी (Green Belt) विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- सडक सुरक्षा सुदृढीकरण तथा दुर्घटना न्यूनीकरणका लागि मोड (Turning) तथा जोखिमयुक्त क्षेत्रमा दृश्य अवरोध गर्ने रूख, झाडी तथा अन्य अवरोध हटाई आवश्यक स्थानमा सडक चौडा गर्ने, सडक "ब्ल्याक स्पट" पहिचान गरी सुधारात्मक कार्य, संकेत चिह्न, सडक बत्ती तथा सुरक्षा पूर्वाधार व्यवस्थापन गरिनेछ।
- नगरभित्र हुने सडक दुर्घटना न्यूनीकरण तथा ट्राफिक अनुशासन अभिवृद्धिका लागि "ट्राफिक सेफ्टी सप्ताह" सञ्चालन गरी जनचेतनामूलक कार्यक्रम, विद्यालयस्तरीय सचेतना अभियान, सवारी चालक अभिमुखीकरण तथा सरोकारवाला निकायसँग समन्वयात्मक कार्यक्रम सञ्चालन गरिनेछ।
- विगत आर्थिक वर्षदेखि अधुरा रहेका योजनाहरूलाई प्राथमिकताका साथ आवश्यक स्रोत व्यवस्थापन गरी समयमै गुणस्तरीय रूपमा निर्माण सम्पन्न गरिने नीति अवलम्बन गरिनेछ।
- नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण ताल, पोखरी तथा जलाशयहरूको संरक्षण, सौन्दर्यीकरण, सरसफाइ तथा दीगो व्यवस्थापन गरिनेछ। साथै आन्तरिक आय अभिवृद्धिका लागि शोभा

ताल, बन्दा ताल पुरैना ताल लगायतका ताल तथा जलाशयहरूलाई प्रचलित कानुन बमोजिम ठेक्का व्यवस्थापन मार्फत सञ्चालन गरिने नीति लिइनेछ।

- प्रशासकीय भवन नभएका वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा सुविधा सम्पन्न अपाङ्गमैत्री, बालबालिकामैत्री प्रशासकीय भवनहरू निर्माण गरिनेछ।
- बेलौरी रिङ्गरोड निर्माणका लागि संघ र प्रदेश सरकारसँग पहल गरिनेछ ।
- बेलौरी-कलुवापुर सडक खण्ड र हुलाकी राजमार्गलाई फोर लेन बनाउन संघ सरकार र प्रदेश सरकारसँग पहल गरिनेछ।
- नगरपालिका विभिन्न खोला तथा नदीहरूका आवश्यक ठाँउमा तटबन्ध तथा पक्की पुलको निर्माण गरिनेछ।
- नगरपालिकामा निर्माण हुने सडक, खानेपानी, अस्पताल भवन, सिचाई योजना, विद्यालय भवन जस्ता पूर्वाधार निर्माण गर्दा नगर स्तरीय, प्रदेश स्तरीय र संघ स्तरीय योजनाको रूपमा संयुक्त लगानीमा निर्माण गरिनेछ।
- सार्वजनिक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाई निरूत्साहित गर्न आवश्यक पहल गरिनेछ।

**योजना, अनुगमन तथा मुल्यांकनः**

- योजना तथा कार्यक्रमको अनुगमन, मुल्यांकन कार्यलाई थप प्रभावकारी एवं पारदर्शी बनाईनेछ।
- योजनाहरूको गुणस्तरीयता कायम गर्न ल्याब टेस्ट गरिने कार्यको निरन्तरता दिइनेछ।
- समयसारिणी सहितको कार्ययोजना तयार गरी वार्षिक कार्यक्रम तथा आयोजना कार्यान्वयलाई तीव्र पारिनेछ । असार महिनामा मात्र खर्च हुने परिपाटीलाई क्रमशः अन्त्य गर्दै लगिनेछ।
- आयोजना छनौट र कार्यान्वयनमा जनसहभागिता प्रवर्द्धन गर्ने कार्यलाई सशक्त बनाइनेछ।
- टुक्रे र वितरणमूखी आयोजना छनौट कार्यलाई निरूत्साहित गर्दै पालिकास्तरीय गौरवका आयोजना छनौट गरी कार्यान्वयन गर्ने कार्यको शुरूवात गरिनेछ।
- संघ र प्रदेश सरकारका आयोजनासँग दोहोरोपना नहुने गरी आयोजना छनौट र सञ्चालन गरिनेछ।
- उपभोक्ता समितिलाई सम्झौता गर्न र भुक्तानी प्रक्रियालाई सहज बनाउन सम्पूर्ण वडाहरूमा अभिमुखिकरण तालिम संचालन गरिनेछ।

**वन वातावरण तथा विपद् व्यवस्थापनः**

- सुदुरपश्चिम विश्वविद्यालयसंगको सहकार्यमा भईरहेको विपद सम्बन्धी परामर्शको कार्यक्रमलाई निरन्तरता दिईनेछ,

- Youth Climate Action Fund मार्फत युवाहरूको सहभागितामा जलवायु युवा कार्यक्रम संचालनमा ल्याईनेछ,
- Making city resilient MCR २०३०, UTM City to City, Urban Transitions Mission सम्बन्धी अन्य पालिकासँग अन्तर्क्रिया कार्यक्रम गरिनेछ,
- विपद सम्पर्क शिक्षक, स्थानीय विपद स्वयम् सेवक, बाल क्लब, र सामुदायीक विपद् व्यवस्थापन समिति गठन गरी पदाधिकारीहरूलाई क्षमता विकास तथा विपद तथा जलवायु सम्बन्धी तालिम संचालन गरिनेछ,
- विपद व्यवस्थापनलाई अन्य शाखाहरूसंग मुल प्रबलिकरण गरिनेछ,
- हाम्रो बेलौरी हरित बेलौरी भन्ने नारालाई कार्ययोजना बनाई लागु गरिनेछ, साथै नगरपालिका भित्र रहेका सबै तालतलैया, पोखरीहरूलाई संरक्षण गर्ने नीति लिईनेछ,
- निजी क्षेत्र सहित सबै क्षेत्रहरूले जोखिम-सूचित विपद् तथा जलवायु जोखिम व्यवस्थापन योजनालाई आफ्नो क्षेत्रगत योजनामा समावेश गरिनेछ,
- विपद् व्यवस्था प्राभावकारीपनमा समुदायको क्षमता बढाउने कार्यलाई प्राथमिकता दिईनेछ,
- निःशुल्क रक्तदान कार्यक्रमलाई निरन्तरता दिइनेछ,
- बेलौरी न.पा. र लालझाडी गा.पा. को सहकार्यमा खरिद भएको दमकल सेवालाई व्यवस्थित रूपमा सञ्चालनमा ल्याइनेछ,
- अति गरीब विपन्न परिवारलाई दिदै आएको खाद्य समाग्रीलाई निरन्तरता दिइनेछ,
- विपद जोखिम बीमा हस्तान्तरण कार्यक्रमलाई आगामी आर्थिक वर्षबाट कार्यान्वयनमा ल्याईनेछ,
- प्रदुषण नियन्त्रण फोहोरमैला व्यवस्थापन र हरियाली प्रवर्दन गर्दै स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने नागरिक अधिकारको सुनिश्चितता गर्न नगरपालिकाले प्राथमिकताका साथ कार्य गर्नेछ ।
- नगरपालिकामा रहेको नगरस्तरीय विपद् व्यवस्थापन कोषमा थप रकम व्यवस्थापन गरिनेछ नगर स्तरीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाइनेछ । जनस्तरमा पुर्व तयारी तथा प्रतिकार्यको अभ्यास गर्दै जाने नीति लिइनेछ,
- विपद्को क्षेत्रमा काम गर्ने संघ संस्थासँग सहकार्य गरी पुर्व तयारी लगायतका क्षेत्रमा काम गरिनेछ,
- दोदा जलाधार क्षेत्र बहुसरोकार मञ्चसंग आवद्धभई मञ्चले गर्ने कार्यमा सहकार्य गरिनेछ ।
- बालबालिकाहरूका लागि पुर्व सूचना प्रणाली र अध्ययन बर्षा मापन केन्द्र सम्बन्धी कार्यक्रम तय गरि प्रशिक्षण गरिनेछ।

- बढ्दो तापक्रम र गर्मीको असर कम गर्नका निम्ति उर्जादक्ष भवन निर्माण तथा प्रवलिकरणमा काम गरिनेछ साथै सार्वजनिक भवनलाई उर्जादक्ष भवन बनाई कार्यान्वयन गरिनेछ ।
- बर्षादको समयमा दोदा नदिको छेउछाउका बस्तीमा बाढीको जोखिम कम गर्न दोदा नदि क्षेत्रमा तटबन्धन निर्माणका लागि संघ र प्रदेश सरकारसंग पहल गरिनेछ।
- आरक्ष पिडितका लागि सुरक्षित स्थानमा बसोबास गर्न सम्बन्धीत निकायमा आवश्यक पहल गरिनेछ।
- सफा बेलौरी, हरियो बेलौरी भन्ने मुल नारालाई कार्ययोजना बनाई लागु गरिनेछ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह र सुशासनः

- नगर कार्यपालिकाको कार्यालय, बिषयगत शाखा र सम्पूर्ण वडाहरूलाई डिजिटल सञ्जालमा जोडी सेवा प्रवाहलाई थप प्रभावकारी बनाईनेछ।
- सेवा प्रवाहलाई छिटो, छरितो, गुणस्तरीय तथा प्रभावकारी रूपमा सञ्चालन गर्न नगरपालिका र अन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको क्षमता विकास/तालिमको व्यवस्था गरिनेछ।
- नगरपालिका भित्र सेवाग्राहिहरूलाई सहजताका लागि पालिकामा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरी सबै वडा तथा स्वास्थ्य संस्थाहरूमा नागरिक वडापत्र र नागरिक सहायता कक्ष (हेल्पडेस्क)लाई थप प्रभावकारी बनाईनेछ ।
- स्थानीय तहको सेवा प्रवाहलाई थप प्रभावकारी र सुशासन व्यवस्थापनका लागि नागरिक गुनासो व्यवस्थापनलाई चुस्त दुरूस्त बनाइनेछ ।
- यस नगरपालिकाको करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा अनिवार्य आवद्ध गराइनेछ साथै अस्थायी र करारका कर्मचारीको कामको आधारमा मूल्याङ्कन गरी सेवा निरन्तरता दिईनेछ ।
- कर्मचारीहरूको कार्य सम्पादन तथा कार्य प्रगतिका आधारमा पुरूस्कृत तथा दण्डित गरिने कार्यमा जोड दिईनेछ ।
- स्थानीय तहका हरेक योजना निर्माण कार्यक्रम कार्यान्वयन र अनुगमनमा नागरिकको सहभागितालाई अर्थपूर्ण बनाउन नागरिक सहभागिता नीति बनाई त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- लक्षित वर्गको कार्यक्रमका लागि सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गरिनेछ ।
- कर्मचारी कल्याण कोषमा थप रकम विनियोजन गरी कोष वृद्धि गरिनेछ।
- राज्यको मुलधारमा नरहेका पछाडि परेका/पारिएका गरिब दलित, विपन्न तथा लक्षित वर्ग केन्द्रित कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ ।

- नगरपालिकाले सम्पादन गरेका कार्यक्रमहरूको प्रत्येक चौमासिक अवधिमा सार्वजानिक सुनुवाई अनिवार्य रूपमा गरिने व्यवस्था मिलाईनेछ ।
- बेलौरी नगरपालिकाको नगर तथा वडाको डिजिटल प्रोफाईल निर्माण गरिनेछ ।
- उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी, उपभोक्ता समिति, फोहोरमैला व्यवस्थापन समिति, संञ्चारकर्मीलाई पुरस्कृत गर्ने पद्धतीको थालनी गरिनेछ ।
- पालिकाले दिने सेवा प्रवाहलाई पूर्ण तवरले डिजिटललाइज गरिदै लगिनेछ ।
- दिगो विकासको निम्ति जनताको सहभागिता बढाइ स्मार्ट नागरिक बनाउन जनचेतनामुलक कार्यक्रम टोलटोलमा लागु गरिनेछ ।
- टोल विकास संस्थाहरूको गठन गरी सक्रियरूपमा चलायमान गराईनेछ ।
- मित्र राष्ट्रका संघ संस्था लगायतका विभिन्न निकायहरू सँग सम्बन्ध विस्तार गर्न आवश्यक पहल गरिनेछ ।
- सेवाको वरिपरि जनता नभई जनताको वरिपरि सेवाको अवधारणालाई आत्मसात गर्दै सम्पूर्ण वडाहरूमा घुम्ती सेवा संचालन गरिनेछ।
- यस नगरपालिकाका पूर्व जनप्रतिनिधि तथा नगरपालिकाको सर्वाङ्गिण विकासका लागि योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरूलाई सम्मान गरिनेछ।

६. **सूचना तथा सञ्चार प्रविधि :**

- डिजिटल नोटिस बोर्ड, डिजिटल नागरिक वडापत्रको प्रयोग गरी नगरपालिकामा भइरहेका विभिन्न गतिविधिहरू निरन्तर अद्यावधिक गरिनेछ ।
- स्थानीय सञ्चार माध्यमहरूलाई प्रवर्द्धन गर्न आवश्यक कानुनको व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।
- कार्यालयहरूमा उच्च गुणस्तरीय इन्टरनेट जडान गरिनेछ ।
- फाइबर नेटवर्क विस्तार तथा सार्वजनिक Wi-Fi हब स्थापना गरिनेछ ।
- नगरपालिकाको सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै पारदर्शिता, जवाफदेहिता र सेवा प्रभावकारिता सुनिश्चित गरिनेछ ।
- सूचना प्रणालीलाई व्यवस्थित तथा छिटो छरितो जनतासम्म सूचनाको पहुँच पुर्याउनको लागि सामाजिक सञ्जाल (Social Media) को प्रयोगलाई बढावा दिईनेछ साथै वेबसाइटको नियमित अपडेट गरिनेछ ।
- एकिकृत सफ्टवेयर प्रणालीको प्रयोगलाई बढावा गर्दै सम्पूर्ण शाखाको कार्यलाई अन्तर आवद्ध गरी समय समयममा नविनतम् प्रविधिको प्रयोग गरी परिमार्जन गर्दै लगिनेछ ।
- सार्वजनिक स्थलहरूमा डिजिटल सुरक्षा तथा निगरानीका लागि विभिन्न स्थानहरूमा सिसिटिभि क्यामेरा जडान गरिनेछ।

७. **राजस्व तथा आन्तरिक आयः**

- राजस्व सुधार योजनालाई समयानुकुल अद्यावधिक गरी प्रभावकारी रूपमा लागु गरिनेछ ।
- "करले होइन कर रहरले तिरौं" भन्ने सोचको विकास तथा कर कानूनको पालना गर्न करदाता साक्षरता कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।
- आन्तरिक राजश्व वृद्धि गर्न राजश्वका संभाव्य क्षेत्रहरूको खोजी गरिनेछ ।
- अनुगमनलाई सघन बनाई राजश्व चुहावट नियन्त्रण गर्नुका साथै करको दर भन्दा दायरालाई फराकिलो बनाईनेछ ।
- समयमै र सबैभन्दा धेरै कर दाखिला गर्ने करदाताको पहिचान गरी उत्कृष्ट करदाता घोषणा गरी सम्मान गरिनेछ, साथै सबै भन्दा बढी कर संकलन गरी समय भित्रै नगरपालिकामा दाखिला गर्ने वडा कार्यालयलाई सम्मान गरिनेछ ।
- बेलौरी नगरपालिका भित्रका सम्पूर्ण उद्योगी तथा व्यवसायीलाई करको दायरामा ल्याउन अनिवार्य रूपमा नगरपालिकामा दर्ता तथा नवीकरण गर्ने व्यवस्था गरिनेछ ।
- कर संकलनलाई प्रभावकारी बनाउन करदाता शिक्षा कार्यक्रम लागु गरिनेछ ।
- छोटी भन्सार कार्यालयलाई स्तरोन्नति गरी भन्सार नाका बनाउनका लागि संघ सरकार सँग पहल गरिनेछ।
- समय मैं घर बहाल कर नतिरेमा उक्त घरमा सञ्चालनमा रहेका व्यवसायहरूको दर्ता नवीकरण नगर्ने नीति अवलम्वन गरनेछ ।
- नगर विकास कोषको नामममा रहेको भवन र जग्गाको उपयोग गरिरहेका व्यक्तिहरुबाट भाडा संकलन गर्दा कोभिड १९ को समय (दुई बर्ष) को भाडा मिनाहा गरी बाकी सम्झौता बमोजिमको भाडा असुल गरिनेछ।

८. **पञ्जिकरण तथा सामाजिक सुरक्षा सेवा केन्द्र :**

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी प्रत्येक वडाका जनप्रतिनिधीहरू, सचिवहरू, अन्य कर्मचारीहरू, महिला स्वयम् सेविका र भत्ता प्राप्त गर्ने लाभग्राहीहरूका लागि वडा स्तरीय जनचेतना मुलक तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता समयमा नै वितरण तथा नवीकरण कार्य भइरहेको छ कि छैन भनि अनुगमन तथा प्रत्येक त्रैमासिकमा वडा जनप्रतिनिधि, वडा सचिव र बैंकहरूसंग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर स्तरीय तथा वडा स्तरीय व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी गुनासो सुनवाइ समिति गठन कार्यक्रम अगाडी बढाइनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्वन्धी बैशाख १ गते ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम मनाइनेछ ।

## ९. न्यायिक समिति :

- "न्याय सम्पादनमा ढिलो हुनु, न्याय नपाउनु सरह हो" भन्ने न्यायको सिद्धान्तलाई अंगिकार गर्दै न्यायिक समितिबाट सम्पादन हुने विवाद तथा मुद्दालाई छिटो-छरितो र पारदर्शी रूपमा सम्पादन गरिनेछ । मेलमिलाप मार्फत विवादको दिगो समाधान गर्न मेलमिलाप पद्धतिलाई थप प्रभावकारी बनाइनेछ ।
- सबै वडा कार्यालयहरूमा वडा स्तरीय मेलमिलाप केन्द्र स्थापित गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरू वडास्तर मै निरूपण गर्ने कार्यलाई थप प्रभावकारी बनाउँदै "विवादको साटो, मेलमिलापको बाटो" भन्ने नारालाई थप प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन आर्थिक वर्ष देखी वडा स्तरमै संचालन गरिनेछ।
- "विवाद समाधानमा, प्राथमिकता मेलमिलापमा" भन्ने नाराका साथ स्थानीय तहको विवाद स्थानीय तहमा नै छलफल, आपसी समझदारी, वार्ता आदि तवरले मेलमिलापको विधिबाट न्यायका मान्य सिद्धान्तको अधिनमा रहेर समाधान गरी नगरपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, निष्पक्ष, सक्षम, पहुँचयोग्य एवम विश्वासनीय बनाइनेछ ।
- न्यायिक समितिको कार्य सम्पादन थप व्यवस्थित, प्रभावकारी बनाउन इजलाश कक्षको निर्माण तथा व्यवस्थापनसंगै कानुनी सल्लाहकार (कानुन अधिकृत) को व्यवस्था गरिने छ ।
- न्याय प्रशासनलाई सुदृढ, उत्तरदायी, जवाफदेही र प्रभावकारी बनाउन न्यायिक समितिको अभिलेख र प्रतिवेदन व्यवस्थित गरी त्रैमासिक रूपमा प्रतिवेदन सार्वजनिक गरिने छ ।
- न्यायमा नागरिकको सहज पहुँच अभिवृद्धि विकास गर्न नागरिकसँग न्यायिक समिति अभियान तथा कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ । मेलमिलाप पद्धतिद्वारा स-साना विवाद समाधान गर्न प्रोत्साहित गर्दै मेलमिलापकर्ताको क्षमता विकास गर्दै लगिनेछ ।
- स्थानीय तहबाट सम्पादन हुने न्यायिक कार्यसम्पादनको असल अभ्यास तथा अनुभव आदान-प्रदान गर्न आवश्यकता अनुसार अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँ समाजमा उत्पन्न हुने स-साना विवाद समाधनका लागि अनौपचारिक न्यायकर्ता (भलमन्सा लगायत अन्य सामाजिक अगुवा) हरूलाई न्यायिक अन्तरक्रिया कार्यक्रम गरिनेछ।
- विवादका पक्षहरूको विवाद निरीक्षण तथा मेलमिलाप भइसकेपछि कार्यान्वयन भयो, भएन, भनी न्यायिक समितिबाट नियमित निरीक्षण गरिनेछ ।

## १०. भुमी व्यवस्थापनः-

- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन गर्न जग्गा नापजाँच कार्य यथाशीघ्र सम्पन्न गरिनेछ । विगतका आयोग, समिति र कार्यदलहरूले

नापजाँच वा वितरण गरेका जग्गाको अधुरा कार्य सम्बन्धी समस्या समाधानका लागि सम्बन्धीत निकायमा आवश्यक पहल गरिनेछ ।

- आगामी आ.व. देखि भूमिहीन दलित भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको लागि जग्गा धनी पुर्जा वितरण गरिनेछ ।
- जोखिमयुक्त वा कानुनले निषेध गरेका स्थानहरूमा बस्दै आइरहेका जग्गा विहिन वास्तविक भूमिहीन दलित र भूमिहीन सुकुम्वासीहरूलाई स्थानान्तरण वा व्यवस्थापन गर्न आवश्यक पहल तथा जग्गा पहिचान गर्ने कार्य गरिनेछ । मुक्त कमलरी एवं कमैयाहरूको समस्या समाधानका लागि आवश्यक पहल गरिनेछ ।
- निजी जग्गामा प्लटिङ गर्नु पूर्व भूउपयोग नीति अनुरूप आवश्यक कार्य गर्नुपर्नेछ भने प्लटिङकर्ताले अनिवार्य रूपमा कालोपत्रे सहितको बाटो खोलाएर बिजुली पोलको समेत व्यवस्था गर्नुपर्ने नीति लिईनेछ ।
- भारतीय सीमा क्षेत्रमा जग्गा धनी लालपुर्जा भएको तर भोगचलन गर्न नपाएका किसानहरूकालागि भोग चलन प्राप्तिका लागि संघीय सरकारसँग पहल गरिनेछ। साथै विवादित सीमा क्षेत्रलाई व्यवस्थित गर्न आवश्यक पहल गरिनेछ।

स्थानीय सरकारको उल्लेखित नीति तथा कार्यक्रमको परिधी भित्र रही आर्थिक वर्ष २०८३।८४ मा सिमित श्रोत र साधनका बाबजुद स्थानीय सरकारले अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने व्यहोरा गरिमामय सभामा जानकारी गराउँछु । साथै सङ्घीय सरकार र प्रदेश सरकारले अघि सारेका नीति, कार्यक्रम तथा सञ्चालन गर्ने हरेक कृयाकलापमा स्थानीय सरकारले आवश्यक समन्वय गरी अघि बढ्नेछ ।

अन्त्यमा, नीति तथा कार्यक्रम तय गर्ने सिलसिलामा अमुल्य सहयोग प्रदान गर्नुहुने यस बेलौरी नगरपालिकाका सम्पूर्ण निर्वाचित जनप्रतिनिधि, विभिन्न समितिहरूका सदस्य ज्युहरू, विषयगत समितिका सदस्य ज्युहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू एंव सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । अन्तमा प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरूबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रूपमा लिएर बेलौरी नगरपालिका कार्यान्वयनका लागि अगाडी बढ्ने विश्वास दिलाउदै नीति तथा कार्यक्रमको कार्यान्वयनमा यहाँहरू सबैको सहयोगको निरन्तर अपेक्षा गरेका छौ।

## धन्यवाद !!!

**पोतीलाल चौधरी**
**(नगर प्रमुख)**
**बेलौरी नगरपालिका, कञ्चनपुर**